आज मिति २०८० साल असोज १८ गते विहिवारको दिन आमचोक गाँउपालिका अध्यक्ष श्री अशोक राईज्यूको अध्यक्षतामा वसेको गाउँकार्यपालिकाको वैठक देहाय बमोजिम सदस्यज्यूहरुको उपस्थितिमा देहायका प्रस्तावहरु माथि छलफल र निर्णय गरी सञ्चालन गरियो ।

**उपस्थिति**

| सि.न. | पद | नाम | हस्ताक्षर |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री अशोक राई | |
| २ | उपाध्यक्ष | श्री सीता राई | |
| ३ | सदस्य | श्री निम्नुरी शेर्पा | |
| ४ | सदस्य | श्री राम वहादुर खड्का | |
| ५ | सदस्य | श्री गोपाल राई | |
| ६ | सदस्य | श्री नेत्र बहादुर खत्री | |
| ७ | सदस्य | श्री राम प्रसाद राई | |
| ८ | सदस्य | श्री बम बहादुर बस्नेत | |
| ९ | सदस्य | श्री नविन राई | |
| १० | सदस्य | श्री सन्तोष राई | |
| ११ | सदस्य | श्री रोशन मगर | |
| १२ | सदस्य | श्री बालदिप राई | |
| १३ | सदस्य | श्री सुक माया राई | |
| १४ | सदस्य | श्री शान्ति राई | |
| १५ | सदस्य | श्री सुजता प्रधान | |
| १६ | सदस्य | श्री भवानी विष्ट | |
| १७ | सदस्य | श्री मञ्जु भुजेल | |
| १८ | सदस्य | श्री गोविन्द परियार | |
| १९ | सचिव | श्री धन कुमार राई | |
| २० | प्रशासन शाखा प्रमुख | श्री राजेश राई | |
| २१ | कावा वडा अध्यक्ष(वडा नं ६) | श्री वृखमाया वस्नेत | |

प्रमुख प्रशासकीय अधिकृत 2080/6/18

आमचोक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय भोजपुर

2080/6/18 अशोक राई अध्यक्ष

प्रस्तावहरु

१. कार्यपालिका वैठकको समिक्षा सम्वन्धमा
२. वार्षिक समिक्षा गोष्ठी सम्वन्धमा
३. दररेट विश्लेषण स्वीकृति सम्वन्धमा
४. करार सेवामा कार्यालय सहयोगी माग सम्वन्धमा
५. कानूनी परामर्श दाता छनौट सम्वन्धमा
६. जनप्रतिनिधिहरुको दशैं खर्च सम्वन्धमा
७. सडक मर्मतको रकम भुक्तानी सम्वन्धमा
८. सडक मर्मत सम्वन्धमा
९. हात्तिपाइले खानेपानी मुख्य लाइन तथा वितरण लाइन विस्तार आमचोक ८ को म्याद थप सम्वन्धमा
१०. आमचोक आधारभूत अस्पताल निर्माणको म्याद थप सम्वन्धमा
११. सोध भर्ना हुने गरी रकम सापटी लिने सम्वन्धमा
१२. सामाजिक सुरक्षा भत्ता वितरण सम्वन्धमा
१३. सार्वजनिक सवारी साधनको भाडादर सम्वन्धमा
१४. मौलो पुजाको लागि सुरक्षा निकायहरुलाई आर्थिक सहयोग सम्वनधमा
१५. वडा नं.१० को कार्यालय भवनको जग्गा प्राप्ती सम्वन्धमा
१६. वजार व्यवस्थापन तथा हित संरक्षण समितिको सदस्य मनोनयन सम्वन्धमा
१७. आर्थिक सहायता सम्वन्धमा

निर्णयहरु

निर्णय नं.१

प्रस्ताव नं. १ माथि छलफल भई प्रथम र दोश्रो कार्यपालिका वैठकले गरेको निर्णयहरुको विषयमा विस्तृत रुपमा समिक्षा गरियो । धैरै निर्णयहरु कार्यन्वयन भएको र कार्यन्वयन गर्न वाँकी रहेको केहि निर्णयहरुलाई तुरुन्तै कार्यन्वयन गर्ने निर्णय गरियो ।

निर्णय नं.२

प्रस्ताव नं. २ माथि छलफल भई आर्थिक वर्ष २०७९/८० को वार्षिक प्रगती समिक्षा गोष्ठी २०८० आश्विन २२ गते सोमवारका दिन संचालन गर्ने ।

निर्णय नं.३

प्रस्ताव नं. ३ माथि छलफल भई आर्थिक वर्ष २०८०/८१ को आमचोक गाउँपालिकाको दररेट कार्यापालिकावाट २०८० श्रावण ३ गते स्वीकृत भए वमोजिम प्राविधिक शाखावाट दररेटको विश्लेषण कार्य सम्पन्न गरी पेश भएकोले स्विकृत गर्ने ।

निर्णय नं.४

प्रस्ताव नं. ४ माथि छलफल भई स्वीकृत दरवन्दी वमोजिम तपशिलको स्थानहरुमा कार्यालय सहयोगीहरु रिक्त रहेकोले करार कर्मचारी छनौट सम्वन्धि कार्यविधि वमोजिम करार सेवामा आपूर्ति गर्ने ।

क) आकचोक गाउँपालिकाको लागि कार्यालय सहयोगी (श्रेणी विहिन)-२ जना

ख) आमचोक ५ पावलाको स्वास्थ्य चौकीको कार्यालय सहयोगी (श्रेणी विहिन)-१ जना

निर्णय नं.५

प्रस्ताव नं. ५ माथि छलफल भई आमचोक गाउँपालिकाको न्यायिक समितिको लागि कानुनी परामर्श सेवाको लागि योग्यता पुगेका व्यक्ती वा संस्था छनौट गरी परामर्श सेवा लिने आमचोक गाउँकार्यपालिकाको मिति २०८० श्रावण ३ गतेको निर्णय वमोजिम सूचना प्रकाशन गरी आवेदकहरु मध्येवाट मुल्याङ्कन समितिद्वारा कार्यविवरण वमोजिम मुल्याङ्कन गरी टेम्केमैयूङ गाउँपालिका वडा नं -३ निवासी अधिवक्ता सविना राईलाई छनौट गरी सिफारिस भए वमोजिम गाउँपालिकाको न्यायिक समिति अन्तर्गत कानुनी परामर्श सेवा लिन न्यायिक समितिको संयोजकको सिफारिसको आधारमा त्रैमासिक रु.७५०००। (अक्षेरुपी पचहत्तरहजार मात्र) का दरले वार्षिक जम्मा रु.३०००००। (अक्षेरुपी तीनलाख मात्र) भुक्तानी दिने गरी न्यायिक समितिको संयोजक (गाउँपालिकाको उपाध्यक्ष)संग दुइपक्षिय रुपमा सम्झौता गरी कानुनी परामर्श सेवा लिने ।

प्रमुख प्रशासकीय अधिकृत २०८०।६।१८

आमचोक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय भोजपुर

२०८०।६।१८ अशोक राई अध्यक्ष

**निर्णय नं.६**

प्रस्ताव नं. ६ माथि छलफल भई प्रदेश कानुन वमोजिम यस गाउँपालिकाको जनप्रतिनिधिहरुलाई प्रति व्यक्ति रु.१००००। (अक्षेरुपी दशहजार मात्र) चाडपर्व खर्च वापत उपलब्ध गराउने ।

**निर्णय नं.७**

प्रस्ताव नं. ७ माथि छलफल भई पाङ्चा नागी चखेवा सडक(धारापानी दारेगौंडा खण्ड) आमचोक १० र (धारापानी चिउरी भञ्ज्याङ्ग खण्ड) आमचोक ९ र १० मा मकालु निर्माण सेवा भोजपुरद्धारा मर्मत कार्य सम्पन्न भएकोले प्राविधिक मुल्याङ्कन अनुसार मर्मत सम्भार कोषवाट जम्मा रु. २१२४०९।७७(अक्षेरुपी दुइलाख वाहहजार चारसय नौ रुपैंया सतहत्तर पैसा मात्र) भुक्तानी दिने ।

**निर्णय नं.८**

प्रस्ताव नं. ८ माथि छलफल भई अविरल वर्षातको कारण यस गाउँपालिका क्षेत्रभित्रका सडकहरुलाई तत्काल मर्मत गर्नु पर्ने भएको र गाउँपालिकाको व्याकहोलोडरले मात्र दशै अगाडीसम्ममा मर्मत कार्य नसकिने र दशैंको समयमा धेरै मानिसहरुको आवतजावत हुने भएको कारण खरीद ऐन र नियमावली वमोजिम कोटेशनमा सडकहरुको मर्मत गर्ने ।

**निर्णय नं.९**

प्रस्ताव नं. ९ माथि छलफल भई Hattipaile Khanepani Aayojana Mainline Tatha Distribution Line Aamchowk -08 को निर्माण कार्यको लागि यस कार्यालय र श्री गौतम शक्ति निर्माण सेवा,सिन्धुपाल्चौक वीच उक्त निर्माण कार्य मिति २०७८/०२/२० मा सम्झौता भई २०८०/०२/३० भित्र सम्पन्न हुने गरी कार्यआदेश दिइएकोमा निर्माण कार्यको सुरुवातमा कोभिड-१९(CORONA VIRUS) माहामारिको कारण सामाग्रि ढुवानिमा समस्या आएको र कोभिड-१९ को कारण आवश्यक कामदार अभावका कारणले गर्दा समयमा निर्माण कार्य सुरु हुन नसकेकोले समयमा निर्माण कार्य सम्पन्न गर्न नसकेको भनि निर्माण व्यवसायीले पेश गरेको निवेदनमा पहिलो म्याद थपको लागि नियमानुसार म्याद थप गर्न माग गरेको र सा. ख. नि. २०७६ को नियम १२० अनुसार जाँचबुझ गर्दा उक्त निवेदन म्याद सकिन भन्दा २१ दिन अगाडीकै मितिमा पेश भएको साथै निर्माण व्यवसायी र यस कार्यालयले काबु बाहिरको परिस्थितिले गर्दा कार्य सम्पन्न गर्न नसकिएको हुँदा मिति २०८०/०२/२० देखि २०८०/०६/३० सम्म सा. ख. नि. २०७६ को नियम १२० अनुसार म्याद थप गर्ने ।

**निर्णय नं.१०**

प्रस्ताव नं. १० माथि छलफल भई *Construction of Aamchowk Aadharbhut Aspatal.* को निर्माण कार्यको लागि यस कार्यालय र श्री सगरमाथा घिमिरे निर्माण सेवा,खोटाङ्ग वीच उक्त निर्माण कार्य मिति २०७८/०३/२५ मा सम्झौता भई २०८०/०२/२० भित्र सम्पन्न हुने गरी कार्यआदेश दिइएकोमा निर्माण कार्यको सुरुवातमा कोभिड-१९(CORONA VIRUS) माहामारिको कारण सामाग्रि ढुवानिमा समस्या आएको र कोभिड-१९ को कारण आवश्यक कामदार अभावका कारणले गर्दा समयमा निर्माण कार्य सुरु हुन नसकेकोले समयमा निर्माण कार्य सम्पन्न गर्न नसकेको भनि निर्माण व्यवसायीले पेश गरेको निवेदनमा पहिलो म्याद थपको लागि थप नियमानुसार म्याद थप गर्न माग गरेको र सा. ख. नि. २०७६ को नियम १२० अनुसार जाँचबुझ गर्दा उक्त निवेदन म्याद सकिन भन्दा २१ दिन अगाडीकै मितिमा पेश भएको साथै निर्माण व्यवसायी र यस कार्यालयले काबु बाहिरको परिस्थितिले गर्दा कार्य सम्पन्न गर्न नसकिएको हुँदा मिति २०८०/०२/२० देखि २०८१/०२/२० सम्म सा. ख. नि. २०७६ को नियम १२० अनुसार म्याद थप गर्ने ।

**निर्णय नं.११**

प्रस्ताव नं. ११ माथि छलफल नेपाल सरकार राजश्व अनुदान अन्तर्गत श्रावण र भाद्र महिनाको मात्र रकम निकासा भएको तर यस आर्थिक वर्षको लागि कर्मचारीहरुको श्रावण,भाद्र र असोज महिनाको तलव भत्ता र चाड पर्व खर्च भुक्तानी गर्नको लागि रकम अपुग हुने भएकोले नेपाल सरकार वित्तिय समानीकरण शिर्षकवाट रु.५०,००,०००। (अक्षेरुपी पचासलाख मात्र) खर्चसोध भर्ना हुने गरी सापटी लिने ।

**निर्णय नं.१२**

प्रस्ताव नं. १२ माथि छलफल भई यस आर्थिक वर्षको सामाजिक सुरक्षा भत्ता दशैं अगाडी नै वडा/वडामा गई वितरण गर्ने । वडास्तरमा सामाजिक सुरक्षा भत्ता वितरण गर्न जाने सिद्धार्थ बैंक आमचोक शाखाका कर्मचारीहरु वढीमा २ जनालाई प्रितिदिन प्रति व्यक्ति रु.१०००। का दरले भत्ता उपलब्ध गराउने । साथै सामाजिक सुरक्षा भत्ता वितरणमा खाजा,खाना र यातायातको व्यवस्था गाउँपालिकाले गर्ने ।

प्रमुख प्रशासकीय अधिकृत २०८०/६/१८

गाउँपालिका कार्यालय

२०८०/६/१८ अध्यक्ष

---

**निर्णय नं.१३**

प्रस्ताव नं. १३ माथि छलफल भई आमचोक गाउँपालिक क्षेत्रभित्र गत आर्थिक वर्ष कायम भएको सार्वजनिक सवारी साधनको भाडादरको विषयमा यातायात व्यवशायीहरुलाई परिपत्र गरी सुरक्षा निकाय, जनप्रतिनिधि, कर्मचारी र नागरिक समाजको समन्वयमा कडाइका साथ लागु गर्ने ।

**निर्णय नं.१४**

प्रस्ताव नं. १४ माथि छलफल भई आमचोक गाउँपालिकामा अवस्थित ५ वटा सुरक्षा निकायहरुलाई मौलो पुजाको लागि प्रति सुरक्षा निकाय रु.१००००। का दरले जम्मा रु.५००००। नेपाल सरकार राजश्व अनुदान शिर्षकको अन्य सहायता शिर्षकवाट आर्थिक सहायता गर्ने ।

**निर्णय नं.१५**

प्रस्ताव नं. १५ माथि छलफल भई आमचोक गाउँपालिकाको वडा नं.१० को वडा कार्यालय भवन निर्माणको लागि आमचोक गाउँपालिका वडा नं १० (साविकको पाङ्चा गा.वि.स. वडा नं.१) निवासी श्री बेदराज राईको नाममा रहेको किता नं २३१ क्षेत्रफल १३-११-३-३ बाट ३ रोपनी काटिने गरि निशुल्क जग्गा उपलव्ध गराएकोले सो जग्गा प्राप्त गर्नको लागि वडा समितिले पनि उपयुक्त भएको ठहर गरे वमोजिम सो जग्गा प्राप्त गर्नको लागि स्वीकार गरी जग्गा प्राप्ति ऐन,२०३४ को दफा ५ वमोजिम जग्गा प्राप्त गर्ने कुराको निर्णय र प्रारम्भिक कारवाहि चलाउने अधिकारी यस गाउँपालिकाको वडा नं १० का वडा सचिव श्री महेश कुमार शाहलाई तोक्ने निर्णय गरियो ।

**निर्णय नं.१६**

प्रस्ताव नं. १६ माथि छलफल भई वजार व्यवस्थापन तथा अनुगमन ऐन २०७७ को दफा २१ को उपदफा (१) को (ख) वमोजिम वजार व्यवस्थापन तथा हित संरक्षण समितिको सदस्यमा वडा नं ३ का वडा अध्यक्ष एवं कार्यपलिका सदस्य श्री गोपाल राईलाई मनोनयन गर्ने ।

**निर्णय नं.१७**

प्रस्ताव नं. १७ माथि छलफल भई आमचोक गाउँपालिकामा तपशिल वमोजिम आर्थिक सहयोग उपलव्ध गराइदिन निवेदन पेश भए वमोजिम तपशिल वमोजिम आर्थिक सहयोग उपलव्ध गराउने ।

क) आमचोक १० निवासी श्री सुमिना राईको अविरल वर्षातको कारण घरको जग र किचन कोठालाई असर पारी रु.५०५०००। क्षेति भएको प्रहरीको सर्जिमिन मुचुल्का प्राप्त भएकोले नेपाल सरकार राजश्व अनुदानको उद्दार राहात तथा पुनस्थापना खर्च शिर्षकवाट रु.१५०००। (अक्षेरुपी पन्ध्रहजार मात्र) उपलव्ध गराउने ।

ख) आमचोक ३ निवासी श्री भौदल विश्वकर्माको आग्लागीको कारण घरको क्षेति भएको प्रहरीको सर्जिमिन मुचुल्का प्राप्त भएकोले नेपाल सरकार राजश्व अनुदानको उद्दार राहात तथा पुनस्थापना खर्च शिर्षकवाट रु.१००००। (अक्षेरुपी दशहजार मात्र) उपलव्ध गराउने ।

ग) आमचोक ४ निवासी श्री जित कुमार राईको वर्षातको कारण घर र पशु चौपायको रु.३०००००। वरावर क्षेति भएको प्रहरीको सर्जिमिन मुचुल्का प्राप्त भएकोले नेपाल सरकार राजश्व अनुदानको उद्दार राहात तथा पुनस्थापना खर्च शिर्षकवाट रु.१००००। (अक्षेरुपी दशहजार मात्र) उपलव्ध गराउने ।

घ) आमचोक ७ निवासी श्री सुशिल हायुको आग्लागीको कारण घरको क्षेति भएको प्रहरीको सर्जिमिन मुचुल्का प्राप्त भएकोले नेपाल सरकार राजश्व अनुदानको उद्दार राहात तथा पुनस्थापना खर्च शिर्षकवाट रु.१००००। (अक्षेरुपी दशहजार मात्र) उपलव्ध गराउने ।

ङ) आमचोक ८ निवासी श्री पशुपति विकको पित्त थैलीमा पत्थरीया भएको अस्पतालको रिपोर्ट अनुसार नेपाल सरकार राजश्व अनुदानको अन्य सहायता शिर्षकवाट रु १००००।(अक्षरुपी दशहजार मात्र) । उपलव्ध गराउने ।

च) आमचोक ८ निवासी श्री टेकवहादुर परियारको रुखवाट लडेर मेरुदण्ड भाँचिएको अस्पतालको रिपोर्ट अनुसार नेपाल सरकार राजश्व अनुदानको अन्य सहायता शिर्षकवाट रु १००००।(अक्षरुपी दशहजार मात्र) । उपलव्ध गराउने ।

छ) ईलाका प्रहरी कार्यालय वयाङलाई मन्दिर रंग रोगन गर्नको लागी नेपाल सरकार राजश्व अनुदानको अन्य सहायता शिर्षकवाट रु १००००।(अक्षरुपी दशहजार मात्र) । उपलव्ध गराउने ।

प्रमुख प्रशासकीय अधिकृत २०८०/६/१९

आमचोक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बालुवा, भोजपुर

२०८०/६/१९ अशोक राई अध्यक्ष